नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं

चौमासिक
तथ्याङ्क गतिविधि

Four Monthly
Statistical Bulletin

वर्ष – ४०
Year - 40

पूर्णाङ्क – ११८/११९
Volume - 118/119

अङ्क – १/२
No. - 1/2

सम्पादकीय

केन्द्रीय तथ्यांक विभागका नियमित प्रकाशनहरू मध्ये चालु आ.व. २०७४/७५ को प्रथम र दोश्रो अंकको रुपमा यो चौमासिक तथ्याङ्क गतिविधि वर्ष–४०, पूर्णाङ्क–११८/११९, अंक–१/२ (श्रावण–कार्तिक र मंसिर–फाल्गुण) यहाँहरू समक्ष प्रस्तुत गरिएको छ । तथ्याङ्क क्षेत्रका गतिविधि समेट्ने गरी विगत ४० वर्षदेखि नियमित रुपमा चौमासिक तथ्याङ्क गतिविधि यस विभागद्वारा प्रकाशन भइरहेको छ ।

चौमासिक तथ्याङ्क गतिविधिको यस अङ्कमा केन्द्रीय तथ्याङ्क विभागबाट चालु आ.व. २०७४/७५ को पहिलो चौमासिक र दोस्रो चौमासिकसम्म सञ्चालन गरिएका कृयाकलापहरु समेटिएका छन् । नेपाल मत्स्य सर्वेक्षण २०७२ को प्रतिवेदन, Statistical User Satisfaction Survey 2017 को प्रतिवेदन, नेपालको पहिलो राष्ट्रिय आर्थिक गणना–२०७५ सम्बन्धि गतिविधि, केन्द्रीय तथ्याङ्क विभागले आ.व. २०७४/७५ को पहिलो र दोस्रो चौमासिकमा सम्पन्न भएका मुख्य मुख्य क्रियाकलापहरु प्रस्तुत गरिएको छ। यसमा प्रकाशित जानकारी तथा तथ्याङ्क सम्बन्धित क्षेत्रका पाठकहरूका लागि उपयोगी हुने हाम्रो विश्वास छ ।

अन्त्यमा, तथ्याङ्क गतिविधिको आगामी प्रकाशनहरूको सुधार र परिमाजर्नको लागि सदा झैं पाठक वर्गको रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

विषयवस्तु

✦ नेपाल मत्स्य सर्वेक्षण २०७२ २–५
✦ Statistical User Satisfaction Survey 2017 (Main Findings) ६–१०
✦ नेपालको पहिलो राष्ट्रिय आर्थिक गणना–२०७५ सम्बन्धि गतिविधि ११–१४
✦ केन्द्रीय तथ्यांक विभागले आ.व. २०७३/७४ चौथो चौमासिकमा र आ.व २०७४/७५ को पहिलो चौमासिकमा सम्पन्न भएका मुख्य मुख्य क्रियाकलापहरु: १४–१६

सम्पादक मण्डल

निर्देशक श्री तीर्थराज चौलागाई – अध्यक्ष
निर्देशक श्री रामहरि गैह्रे – सदस्य
निर्देशक श्री राजन सिलवाल – सदस्य
त.अ. श्री कपिल देव जोशी – सदस्य सचिव

सल्लाहकार

उपमहानिर्देशक श्री नेबिन लाल श्रेष्ठ
उपमहानिर्देशक श्री हेमराज रेग्मी
उपमहानिर्देशक श्री डिल्ली राज जोशी

प्रकाशन प्रति:
१०००

यस प्रकाशनसंग संलग्न अन्य कर्मचारीहरू

निर्देशक डा. महेश कुमार सुवेदी / पुस्तकालय अधिकृत श्री नानीराम कार्की
तथ्याङ्क सहायक श्री कमलराज गौतम

नेपाल मत्स्य सर्वेक्षण २०७२

१. परिचय (Introduction)

हाम्रो जस्तो कृषि प्रधान देशमा राष्ट्रिय अर्थतन्त्रको विकास तथा सुदृढीकरण गर्न कृषि क्षेत्रको सर्वाधिक महत्व रहने हुँदा उन्नत कृषिकरणतर्फ ध्यान केन्द्रित हुनु अतिनै जरुरी छ । कृषि क्षेत्रमध्ये माछा पालन व्यवसाय पनि एक महत्वपूर्ण क्षेत्र भएको र यसले देशको कुल गार्हस्थ्य उत्पादनमा पुऱ्याएको योगदानको प्रतिशत केही वर्षदेखि क्रमशः बृद्धि हुदै गएको देखिन्छ । यस ब्यवसायबाट जनसमुदायलाई पौष्टिक आहारका साथसाथै आर्थिक सहयोग पनि प्रशस्त हुने भएकोले आर्थिक तथा खाद्य सुरक्षाको दृष्टिकोणले यसको ठूलो महत्व छ । मुख्यतः यो व्यवसाय तराईका सम्पूर्ण जिल्लाहरुमा र हिजोआज पहाड तथा हिमालका केही भागमा समेत विस्तार हुँदै गएको छ ।

नेपालमा उपलब्ध जलश्रोतको उपयोग बढाई आधुनिक प्रविधि उपयोग गरी यस व्यवसायलाई विकसित गर्न सकेमा यसले नेपालको अर्थतन्त्रमा निकै सहयोग पुऱ्याउने देखिन्छ । यसै तथ्यलाई ध्यानमा राखी यस व्यवसायलाई अझै व्यवस्थित तरिकाले वृद्धि गर्नको लागि आवश्यक तथ्याङ्कहरु केन्द्रीय तथ्याङ्क विभागले नेपाल मत्स्य उत्पादन सर्वेक्षण २०७२ मार्फत उपलब्ध गराउन जमर्को गरेको छ । मत्स्य तथ्याङ्क संकलन गर्नु भन्दा पहिले सर्वेक्षणलाई चाहिने आवश्यक स्याम्पल फ्रेमको लागि आर्थिक वर्ष २०७१/७२ मा नेपाल भरी रहेका माछा पोखरीहरुको लगत संकलन गरिएको थियो । जस अनुसार ६५ जिल्लाहरुमा व्यावसायिक माछापालन गरिएको देखिन्छ । सर्वेक्षणमा नमूना छनौट विधिद्वारा ५२ जिल्लामा र थोरै संख्यामा माछा पोखरी रहेका १३ जिल्लाहरु तथा संस्थागत रूपमा माछापालन गरेका पोखरीहरुको पूर्ण गणना गरी नतिजा प्रकाशन गरीएको छ ।

२. सर्वेक्षणको उद्देश्य (Objective of Survey)

मत्स्य तथ्याङ्क सर्वेक्षणका मुख्य निम्न लिखित उद्देश्य रहेका छन् :

(१) जिल्ला अनुसार माछापालन गरिएको पोखरीहरुको संख्या, जलासयको क्षेत्रफल तथा माछा उत्पादन तथा लागत अनुमान गर्ने,

(२) माछापालन व्यवसायले अर्थतन्त्रमा पुऱ्याएको योगदानको अनुमान गर्ने, र

(३) मत्स्य विकासका लागि योजना तथा नीति निर्माण गर्न आवश्यक मत्स्य तथ्याङ्क उपलब्ध गराउने ।

३. परिभाषा (Definition)

मत्स्यपालन भन्नाले कुनै पनि जलाशयमा व्यवस्थित तरिकाबाट भुरा राखी बढीभन्दा बढी माछा उत्पादन लिने उद्देश्यले माछा पाल्ने कार्यलाई जनाउँदछ । यस सर्वेक्षणमा कृषकहरु आफैले नाफा नोक्सान व्योहोर्ने गरी आफ्नै माछा पोखरीमा वा अरुको पोखरी भाडामा लिइ माछापालन व्यवसाय सुचारु रुपले संचालन गरेका माछा पोखरीहरुलाई समावेश गरिएको छ । तर भुरा उत्पादन गर्ने पोखरीहरु यसमा समावेश गरिएको छैनन् ।

४. गणनाको एकाई (Enumeration Unit)

मत्स्य सर्वेक्षणको लागि गणनाको एकाइ माछा पोखरी (Fish Pond) लाई मानिएको छ । छानिएका माछा पोखरीमा गई सम्बन्धित कृषकसंग प्रश्नावली मार्फत् तथ्याङ्क संकलन गर्ने कार्य गरिएको थियो ।

५. सर्वेक्षण विधि (Survey Methodology)

तथ्याङ्क संकलन कार्य सबै माछा पोखरीहरुमा गर्दा आर्थिक दृष्टिकोणबाट ज्यादै नै महंगो पर्ने हुँदा लगत संकलन गरिएका माछा पोखरीहरु मध्ये धेरै ठूला भएका पोखरीहरुको पूर्ण गणना (Complete Enumeration) र बाँकी रहेका पोखरीहरुलाई छनौट विधि (Sampling method) द्वारा केही पोखरीहरु छनौट गरी तथ्याङ्क संकलन गरिएको थियो । थोरै संख्यामा मात्र माछा पोखरी रहेका जिल्लाहरु र संस्थागत रुपमा माछापालन गरेका सम्पूर्ण पोखरीहरुको पूर्ण गणना गरिएको थियो ।

५.१ नमूना छनौट विधि (Sampling Design)

माछा उत्पादन पोखरीको जलाशयको क्षेत्रफल (Water Surface Area) सँग प्रत्यक्ष सरोकार राख्ने हुँदा जलाशयको क्षेत्रफललाई मुख्य चर (Key Variable) मानि प्रत्येक जिल्लामा पोखरीहरुको जलाशय क्षेत्रफलको Variance निकालिको थियो । यसै Variance को आधारमा प्रत्येक जिल्लाका लागि छनिने पोखरीको संख्या (Sample size) निर्धारण गरिएको थियो । छनिने पोखरीको संख्या (Sample size) निर्धारण पश्चात जिल्ला अनुसार आवश्यक संख्यामा नमूना छनौटका लागि स्याम्पल फ्रेम (Sample Frame) मा भएका पोखरीहरुलाई जलाशयको क्षेत्रफल (Water Surface Area) को आधारमा ठूलो देखि सानो क्रम (Descending Order) मा राखि Systematic Sampling विधिद्वारा नमूना छनौट गरिएको थियो । यसरी छनौट गर्दा Sample मा सबै किसिमका पोखरीहरुको प्रतिनीधित्व हुन्छ भन्ने तथ्याङ्कीय मान्यता रहेको छ ।

५.२ नमूना छनौटका लागि फ्रेम (Sample Frame)

आर्थिक वर्ष ०७१/७२ मा नेपाल भरी माछापालन गरिएका पोखरीहरुको लगत संकलन गरिएको थियो । लगत सूची फाराममा कृषकको परिचयात्मक विवरण, पोखरी सम्बन्धी विवरण, हाल माछापालन गरेको छ/छैन, पोखरीमा पालिएका माछाको किसिम आदि प्रश्नहरु सोधिएका थिए । जसमा माछा तथा छडी(सानो माछा) उत्पादनको लागि जम्मा २५०४३ माछा पोखरीहरु प्रयोग भएको पाइयो तर भूकम्पको कारण, पोखरीमा विष हालेको र पोखरीमा बाढी पसेको कारणबाट ४८४ वटा पोखरीहरुबाट माछा उत्पादन नभएको हुदा यस सर्वेक्षणमा जम्मा २४,५५९ वटा पोखरीहरुको आधारमा नतिजा प्रकाशन गरिएको छ ।

६. सन्दर्भ समय (Reference Period)

यस सर्वेक्षणको लागि सन्दर्भ समय २०७१ साल श्रावण १ गतेदेखि २०७२ साल असार मसान्तसम्म एक बर्ष भित्र गरिएको माछापालन ब्यवसाय सम्बन्धी क्रियाकलापहरु जस्तै लागत, आम्दानी तथा अन्य कारोवार सम्बन्धी तथ्याङ्क संकलन गरिएको थियो ।

७. संक्षिप्त नतिजा (Summary findings)

- माछापालन गरिएका ६५ जिल्लाहरु मध्ये १३ जिल्लाहरुमा पूर्ण गणना गरियो भने बाँकीमा नमूना छनौट विधि प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।



- १० जिल्लाहरु (मनाङ्ग , मुस्ताङ्ग, कालिकोट, मुगु, डोल्पा, हुम्ला, बझाङ्ग, डोटी, बैतडी र दार्चुला) मा माछापालन नगरिएको पाइयो ।
- यस सर्वेक्षणमा जम्मा २५५८ वटा पोखरीहरुको प्रश्नावलीको माध्यमबाट विवरण संकलन गरिएको थियो जसमध्ये १५४ वटा पोखरीहरु पूर्ण गणना, २२२३ वटा पोखरीहरु नमूना छनौट विधीद्वारा र १८१ वटा संस्थागत पोखरीहरु पूर्ण गणना गरीएको थियो ।
- पोखरीको प्रयोग हेर्दा ९३ प्रतिशत पोखरीहरु माछा (ठूला माछा) उत्पादन गर्ने र बाँकी ७ प्रतिशत पोखरीहरु छडी (सानो माछा) उत्पादन गर्ने पाइयो ।



- नेपालमा माछापालन गरिएका जम्मा पोखरीहरुको डिल सहितको क्षेत्रफल १०१३८.८ हेक्टर, जलाशयको क्षेत्रफल ७०२७.८ हेक्टर र पोखरीको औसत गहिराइ ४.४ फिट रहेको पाइयो ।
- लैङ्गिक दृष्टिकोणबाट हेर्दा माछापालक कृषकहरु मध्ये ९५ प्रतिशत पुरुष र ५ प्रतिशत महिला कृषक रहेको पाइयो । त्यसैगरी माछा सम्बन्धी तालिम लिनेमा ३४ प्रतिशत पुरुष र ४४ प्रतिशत महिलाहरु देखियो ।



- प्रदेश अनुसार तुलना गर्दा सबै भन्दा बढी पोखरी संख्या (९३९७) र बढी जलाशयको क्षेत्रफल (४०५५ हेक्टर) भएको प्रदेश नंम्बर २ र सबैभन्दा कम पोखरी संख्या (१०१) र कम जलाशयको क्षेत्रफल (६ हेक्टर) भएको प्रदेश नंम्बर ६ रहेको देखिन्छ ।
- माछापालक कृषकको शिक्षा सम्बन्धी पृष्ठभूमि हेर्दा एस.एल. सी. वा सो भन्दा माथिल्लो तह उत्तीर्ण गरेका ३६ प्रतिशत, एस. एल. सी.भन्दा तल्लो तह भएका ५७.३ प्रतिशत र निरक्षर करिब ६.७ प्रतिशत रहेको देखिन्छ ।



- उत्पादित माछाको बिक्री स्थानको प्रतिशत हेर्दा पोखरी रहेको स्थानबाट ९१, जिल्ला भित्रका बजारमा ६, अन्य जिल्लामा १ र आफै प्रयोग गर्छु भन्नेमा २ भएको देखियो ।
- माछापालन व्यवसायमा संलग्न जनशक्तिहरुको विश्लेषण गर्दा स्थायीरुपमा काम गर्ने कामदारहरुको जम्मा संख्या ५६ हजार ६ सय १३ रहेको छ । जसमध्ये, संचालक तथा परिवारका सदस्य संख्या ३४ हजार १ सय ३ जना पुरुष र १६ हजार ९ सय ८१ जना स्त्री रहेका छन् र तलव ज्याला लिई काम गर्ने कामदारहरुको संख्या ५ हजार २ सय ६३ जना पुरुष र २ सय ६७ जना स्त्री रहेका छन् ।

- सन्दर्भ वर्षमा स्थायी रुपमा काम गर्ने कामदारहरुको तलव ज्याला वापत करिब रु ३९ करोड ५५ लाख १९ हजार र अस्थायी रुपमा काम गर्ने कामदारहरुको संख्या ५,८८,४४७ प्रति व्यक्ति प्रति दिन र सो बापतको ज्याला करिब रु २५ करोड ४७ लाख ३३ हजार खर्च भएको देखिन्छ।



- सन्दर्भ समयमा जम्मा भुरा खर्च करिब रु. ६६ करोड १ लाख १२ हजार भएको देखिन्छ। जस्मा सबैभन्दा बढी नैनीमा करिब रु. १४ करोड ७५ लाख ५९ हजार र रहुमा करिब रु. १४ करोड ४९ लाख २३ हजार खर्च भएको देखिन्छ।
- प्रदेश अनुसार भुरा खर्च हेर्दा सबै भन्दा बढी प्रदेश २ मा करिब रु. ४८ करोड ५० लाख ५४ हजार र सबै भन्दा कम प्रदेश ६ मा करिब रु. ५ लाख ४३ हजार खर्च भएको देखिन्छ।
- अन्य चालु खर्चहरु मुख्यत: दानामा करिब रु. १ अरब १२ करोड ५३ लाख ५९ हजार, पोखरीको भाडा/ठेक्का (बार्षिक) मा करिब रु.१६ करोड ४३ लाख, रासायनिक मलमा करिब रु. ११ करोड ९ लाख ७१ हजार, प्राङ्गारिक (स्थानीय) मलमा करिब रु. ८ करोड ८० लाख ७९ हजार, पानीको महसुल इन्धन सहितमा करिब रु.७ करोड ८१ लाख ८६ हजार, ब्याज रकम (वार्षिक) मा करिब रु. ५ करोड ८६ लाख ४७ हजार, चुनमा करिब रु. ५ करोड ३२ लाख २८ हजार, इन्धनमा करिब रु. २ करोड १९ लाख ९० हजार र औषधी तथा किटनाशकमा करिब रु. १ करोड २३ लाख ८ हजार आदि खर्च भएको देखियो।



- सन्दर्भ अवधिमा जम्मा २४,५५९ वटा पोखरीहरुबाट करिब ३१ हजार ४ सय १ मेट्रिक टन माछा उत्पादन भएको र त्यस बापतको मूल्य करिब रु. ७ अरब २२ करोड ८८ लाख २१ हजार रहेको छ।
- प्रदेश अनुसार तुलना गर्दा सबै भन्दा बढी माछा उत्पादन हुने देखि कम उत्पादन हुने प्रदेशमा क्रमश प्रदेश २ (६०.८%), प्रदेश ५ (१६.९%), प्रदेश ३ (९.९%), प्रदेश १ (८.३%), प्रदेश ४ (२.१%), प्रदेश ७ (१.८%) र प्रदेश ६ (०.१%) रहेको छ।
- राष्ट्रिय जनगणना २०६८ को जनसंख्याका आधारमा आफ्नै देशको पोखरीबाट उत्पादित माछा प्रति व्यक्ति प्रति बर्ष औसत १.१९ के.जी. उपलब्धता रहेको देखिन्छ।
- यस सर्वेक्षणमा सबैभन्दा बढी माछा उत्पादन गर्ने १० जिल्लाहरु क्रमश बारा(१८.५%), सप्तरी(१०.३%), चितवन(८.६%), धनुषा(८.६%), रुपन्देही(८.४%), रौतहट(७.४%), पर्सा(५.५%), सिराहा(४.६%), मोरङ्ग(३.६%) र सर्लाही(३.५%) रहेका छन्।



- माछाको उत्पादकत्व मुख्यत: माछाका जात अनुसार भर पर्ने हुन्छ। यहाँ प्रदेश ३ मा सबैभन्दा बढी उत्पादकत्व ६२५८ केजी प्रति हेक्टर र सबैभन्दा कम प्रदेश ७ मा १११२ केजि प्रति हेक्टर उत्पादकत्व देखिन्छ।
- सन्दर्भ अवधिमा माछा उत्पादन बाहेक अन्य आम्दानी(पानी तान्ने मेसिन/पम्पिङ्गसेट, माछा मार्ने जाल भाडा आदी) बापत करिब रु. ४३ लाख २१ हजार भएको देखिन्छ।



- सन्दर्भ समय भित्र यस व्यवसायमा पूँजीगत लगानी करिब रु.९३ करोड ९० लाख ६ हजार भएको देखिन्छ।



- माछा उत्पादन बाहेक पोखरीको डिलमा एकीकृत रुपमा बंगुर, हाँस, केरा र तरकारी आदि लगाएका हुन्छन्। सो बापतको खर्च करिब रु. १० करोड ४० लाख ४४ हजार र उत्पादनबाट आम्दानी करिब रु. २० करोड ९६ लाख ४४ हजार भएको देखिन्छ।
- माछापालन कार्यको लागि सन्दर्भ अवधिमा २१ प्रतिशत कृषकहरुले ऋण लिएको देखिन्छ र त्यस बापत बार्षिक औसत १३ प्रतिशत ब्याज दर तिरेको देखिन्छ।
- माछापालन व्यवसायलाई थप समृद्धि गर्नको लागि यस सन्दर्भ अवधिमा ५५ प्रतिशत कृषकहरुले थप ऋणको आवश्यकता जाहेर गरेको देखिन्छ। ती ऋणको उपयोग मध्ये ११ प्रतिशत कृषकहरुले भुरा खरिद गर्नको लागि, ५९ प्रतिशत कृषकहरुले पोखरी निर्माणको लागि, ७ प्रतिशत कृषकहरुले माछापालनको लागि प्रयोग हुने औजार खरिद गर्न, १४ प्रतिशत कृषकहरुले मल/औषधी/दाना खरिद गर्न र ९ प्रतिशत कृषकहरुले अन्य मत्स्यपालन प्रयोजनको लागि आवश्यक परेको उल्लेख गरेका पाइयो।



- यस सर्वेक्षणमा माछापालक कृषकहरुलाई उहाँहरुले भोगेका प्रमुख तीन समस्याहरु बारे सोधिएको प्रश्नमा पहिलो समस्यालाई ५० प्रतिशत भार, दोश्रो समस्यालाई ३० प्रतिशत भार र तेश्रो समस्यालाई २० प्रतिशत भार दिएको छ। सोही भार अनुसार प्रमुख समस्याहरुमा प्राविधिक ज्ञानको कमी (२३%), दानाको उच्च मूल्य हुनु (१८%), उन्नत नश्लको कमी (१६%) र पूँजीको समस्या (१४%) रहेको देखिन्छ।
- यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरुको विश्लेषण गर्दा माछा उत्पादन आम्दानी मूल्यको ५ प्रतिशत स्थायी तथा नियमित कामदार खर्चमा, ४ प्रतिशत अस्थायी तथा ज्यालादारी कामदार खर्चमा, ९ प्रतिशत भुराखर्चमा र २५ प्रतिशत अन्य चालु खर्च(विशेष दानामा) मा भएको देखिन्छ। अर्थात १०० रु. को माछा उत्पादन गऱ्यो भने ५ रु. स्थायी तथा नियमित कामदारमा, ४ रु. अस्थायी तथा ज्यालादारी कामदारमा, ९ रु भुरामा र २५ रु अन्य चालु खर्चमा खर्च भएको हुन्छ र बाँकी रु. ५७ नाफा भएको देखिन्छ। यसमा संचालक (तलब नलिने) तथा परिवारका सदस्यहरुको तलब बापतको खर्च र आफ्नो पोखरी आफैले संचालन गरेमा त्यस बापतको भाडा रकम भने समावेश गरीएको छैन।

Statistics User Satisfaction Survey 2017

(Main Findings)

1. Introduction

The Central Bureau of Statistics (CBS) has been involving in collection, consolidation, analysis and publication of statistics related to social and economic activities in the country. Since it's established in 2016 BS it has been conducted a numerous socio-economic censuses and surveys and produced data for planners, policy makers and data users. It also promotes the use of data through distribution of its products and providing statistical advocacy and consultancies services to related agencies and users. To maintain quality, the bureau follows statistical concept, definition and international standard in the production and dissemination of statistics. Furthermore, the CBS, for the first time, has conducted "Statistics User Satisfaction Survey 2017" to assess data needs, satisfaction levels and perceptions of its users towards the current state of statistical products and services provided by the bureau. The users' attitudes, perception and feedback obtained from this survey will be used to take better account of users requirements and to improve its products and services in accordance with its users' needs.

2. Objectives

The main objective of the survey is to assess the level of user's satisfaction with the current state of CBS statistics and services. The specific objectives are:

- To identify user's views on quality levels of CBS publications, data and services
- To examine user's satisfaction on CBS service delivery systems
- To know user's statistical needs and expectations from CBS
- To get user's feedback for further improvement of its products and services

3. Defining Satisfaction

Satisfaction in this survey refers to user's perception, or attitude, or feelings on CBS's statistical products and services. This is a qualitative approach and indirectly measures the quality of statistical products (publications, data and CD-ROMs) and service delivery systems (website, distribution of publications and data, and free statistical consultancies services) of CBS. The four dimensions of satisfaction measures used in this survey are presented in the **Chart 1** below.

Chart 1: Four dimensions of user satisfaction


Satisfaction with CBS statistical products
Satisfaction with CBS statistical services
User satisfaction
Satisfaction with CBS data quality
Satisfaction with CBS website

4. Respondents

The statistics user of CBS is considered the respondent of this survey. The user should have used either publications or data produced by CBS, or CBS website, or statistical services from CBS or from its branch Statistics Offices in districts. The users in this survey are selected from six categories based on their affiliation to: 1. Government and semi-governmental organizations, 2. NGOs, INGOs and development partners, 3. Academic and research institutes, 4. Commercial organizations (finance, banking, trade and business), 5. Media and press, and 6. Political parties and civil societies. However, the opinions expressed in this survey are the respondent's own and do not reflect the views of the organization.

5. Sampling method

The survey uses a non-random purposive sample selection method. Sample units are purposively selected among the users of CBS products and services who are affiliated to six different agencies or organizations as described below. The survey collected opinions of users from all over the country and abroad with specific target to the areas where more CBS statistical users are located.

The sample size of this survey is 1200 users allocated to six domains based on their work affiliation or engagement to various organizations and institutions as follows.

Table 1: Allocation of sample size by agency type.

S.N.	Agency type	Sample size	Percent
1	Government and semi-governmental organizations	192	16
2	NGOs, INGOs and development partners	240	20
3	Academic and research institutes	360	30
4	Commercial organizations (finance, banking, trade and business)	144	12
5	Media and press	144	12
6	Political parties and civil societies	120	10
	Total	1200	100%

It was expected to collect 300 sample data from Kathmandu valley, 800 from outside Kathmandu and 100 sample from registered users by email.

6. Questionnaires

The survey employs three methods of data collection: 1. Traditional paper questionnaire, 2. IT based CAPI (Computer-assisted personal interviewing), and 3. PDF fill-in eQuestionnaire. The paper questionnaires are used in districts outside Kathmandu, CAPI is used in Kathmandu valley and the PDF fill-in eQuestionnaire was sent to registered users located inside and outside of the country via email. The questionnaire is divided into 7 sections as follows:

- Section 1. Personal information of respondent
- Section 2. Use of CBS data and publication
- Section 3. Quality of CBS statistics
- Section 4. User perspective in CBS website
- Section 5. User perspective on CBS statistical services
- Section 6. Services of CBS statistics office in district
- Section 7. User's feedback

The questionnaires were developed in both English and Nepali versions.

7. Data collection

Data collection took place over a period of about 3 months from 16 February to 15 May 2017. A total of 35 interviewers, 30 supervisors were participated in the field work from Statistics Offices (SOs) and CBS. The field work in districts were managed and supervised by respective SO in district and it was jointly handled by SO Kathmandu and CBS in the three districts of Kathmandu valley. For the registered users, an e-Questionnaire was sent by email and asked to return the filled-up questionnaire by two weeks' time. The survey was able to collect information form 1020 users out of 1200 users expected. It shows about 15% non-response rate in total. The higher non-response was occurred in e-Questionnaire sent to registered users through email. It was expected to collect survey information from all 33 Statistics Offices covering all 75 districts, but due to Local Elections held in April and May only 29 SOs were able to participate in the survey and collected survey information from 49 districts covering all 7 provinces.

8. Limitations

The survey is based on a non-random purposive sample method, therefore the outcomes are not fully representative and could not be generalized for any specific geographic area like province, Nepal, or any specific category like gender, or occupation level of users. The results only represent the evaluation and views of users who have participated in the survey under different domains. Although the users are selected based on their affiliation to a particular agency, the views expressed in the survey are their own and do not reflect the views of the organization.

9. Main findings

9.1 User's information

Figure 1. Distribution of users by sex



Figure 2. Distribution of users by affiliated agency type



Figure 3. Distribution of users by province



9.2 Use of statistics

Figure 4: The main sector of statistics used by users



Figure 5. Main purpose of using statistics produced by CBS



Figure 6. Main format of published data used, or would like to acquire from CBS.



Figure 7. Level of geographical disaggregation that users wish to obtain data from CBS.



Figure 8. Comparison of CBS statistics with similar statistics produced by other Government agencies.



Figure 9. Adequacy of microdata



Figure 10: Availability of statistics/publication of user needs in CBS branch office in districts.



9.3 Quality of CBS Statistics and Website

Figure 11: Overall quality of the CBS statistics by sector



Figure 12: The quality of various dimensions of the CBS publications.



Figure 13. Evaluation of CBS website on different attributes



9.4 Quality of Statistical Services

Figure 14. Evaluation of service for obtaining CBS publications



Figure 15. Price of CBS publications



Figure 16. Availability and organization of statistical reports and publications CBS library



Figure 17. Staff behaviour in general



9.5 User's Feedback

Figure 18. Dissemination of final results of survey, census and national accounts estimates



Figure 19. Best option to improve and make more effective dissemination system in CBS



Figure 20. Presentation format of statistics in CBS publications and reports



Figure 21. Best way to make the surveys and censuses more informative and useful *(In Percentage)*

Agency type	Discuss with stakeholders	Coordinate with similar data producers	Identify users' needs	Provide more disaggregated data for the lowest level	Others
Total	71.6	65.6	54.6	44.3	2.6
Govt./semi-govt agency	61.1	68.9	56.1	45.6	1.7
NGO/INGO/Int'l dev partner	73.7	72.2	59.0	52.7	2.9
Academic /Research institute	75.2	59.4	51.7	34.9	3.0
Commercial organization	71.6	59.5	52.6	48.3	2.6
Media/Press	70.3	72.0	63.6	37.3	0.8

Political party/ Civil society	76.7	64.1	43.7	56.3	4.9

* Based on multiple responses.

Figure 22. Best option to promote the use of statistics produced by CBS *(In Percentage)*



Agency type	Timely Update users on CBS new data & publication	Provide statistical literacy and advocacy program	Provide specific training for using statistics and data	Provide digital copy of publications and data on website	Provide CBS publications and data from public libraries	Provide CBS publications from local private book sellers	Include official statistics in curriculum of university edu
Total	**62.0**	**46.6**	26.8	**57.5**	**45.8**	19.1	29.4
Govt./semi-govt agency	55.0	42.8	29.4	58.9	50.0	22.2	27.8
NGO/INGO/Int'l dev partner	64.4	42.9	28.8	66.8	46.8	17.1	28.8
Academic /Research institute	56.7	46.0	26.8	55.0	43.3	18.1	33.9
Commercial organization	59.5	54.3	22.4	57.8	37.1	20.7	31.0
Media/Press	74.6	48.3	22.9	55.1	49.2	18.6	21.2
Political party/ Civil society	72.8	51.5	27.2	45.6	49.5	19.4	28.2

* Based on multiple responses.

Figure 23. Additional area of statistics of users demands.



नेपालको पहिलो राष्ट्रिय आर्थिक गणना-२०७५ सम्बन्धि गतिविधि

(Operational Activities on First National Economic Census - 2018 of Nepal)

केन्द्रीय तथ्याङ्क विभाग नेपाल सरकारको तथ्याङ्क संकलन, प्रशोधन एवं सारिणीकरण गरी प्रकाशन तथा वितरण गर्ने एक प्रमुख सरकारी निकाय भएको हुँदा विभागबाट समय समयमा पूर्ण गणना, सर्वेक्षणहरु तथा अन्य स्रोतहरुबाट तथ्याङ्क संकलन गरी यसका नतिजाहरु प्रयोगकर्ता समक्ष पुर्‍याउने प्रयास भईरहेको छ। नेपालमा प्रत्येक १०/१० वर्षमा सञ्चालन गरीने जनगणना, कृषि गणना, ५/५ वर्षमा सञ्चालन गरिने औद्योगिक गणनाबाट मात्र देशको दीगो विकास लक्ष्य हाँसिल गर्ने नीति, योजना, कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयनका लागि आवश्यक तथ्याङ्क आपूर्ति हुने देखिंदैन । तसर्थ आर्थिक क्रियाकलापहरुलाई मूल्याङ्कन गर्न र यसको आधारमा उपयुक्त आर्थिक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नका लागि आर्थिक तथ्याङ्कको आवश्यकता हुन्छ। दीगो रुपमा आर्थिक तथ्याङ्क उपलब्ध गर्न देशमा आर्थिक तथ्याङ्क प्रणालीलाई मजबुत तुल्याउनु पर्ने आजको आवश्यकता रहेकोले सबै उद्योग, व्यवसाय प्रतिष्ठानहरु जस्ता आर्थिक इकाईहरुको विवरण संकलन गर्ने उद्देश्यले आर्थिक गणना गर्नु अपरिहार्यता रहेको छ। यस कार्यक्रमको सञ्चालनमा क्षमता विकासका लागि जापान सरकारको प्राविधिक सहयोग पनि रहेको छ। यसै सन्दर्भमा केन्द्रीय तथ्याङ्क विभागले नेपालको प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत यस आ.व. २०७४/७५ को वार्षिक कार्यक्रममा यसका विभिन्न गतिविधि तथा क्रियाकलापहरु सञ्चालन गरेका छन् ।

राष्ट्रिय आर्थिक गणना - २०७५ को मुख्य उद्देश्यहरु:

१. उद्योग व्यावसायिक तथा सेवा प्रदायक प्रतिष्ठानहरुको आर्थिक क्रियाकलाप सम्बन्धी वर्तमान अवस्था बारे आधारभूत तथ्याङ्कहरु उपलब्ध गराउनु ,

२. केन्द्रीय तथा स्थानीय निकायहरुलाई नीति निर्माण गर्न ,

३. राष्ट्रिय लेखा प्रणाली तथ्याङ्कलाई सुदृढ गर्नु ,

४. प्राज्ञिक अध्ययन र अनुसन्धानका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउनु ,

५. तथ्याङ्कीय व्यावसायिक रजिष्टर स्थापनाका लागि आधारशिला खडा गर्नु रहेको छ ।

"दिगो आर्थिक विकासको आधारका लागि आर्थिक गणना" भन्ने मूल नाराका साथ नेपालको तथ्याङ्कीय इतिहासमा प्रथमपटक सञ्चालन हुन लागेको यस आर्थिक गणनामा कागजी प्रश्नावली (Paper Questionnaire) फारामका अलावा अनलाइन सर्वेक्षण (e-Census) मार्फत ट्यावलेट कम्प्युटर (Tablet Computer) प्रयोग गरी गणना गर्न सकिने विधि अपनाईने छ ।

यस विभागको आर्थिक गणना शाखा आ.व. २०७४/७५ को वार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिकमा सम्पादन भएका गतिविधि तथा दोश्रो चौमासिकको हालसम्म भएका क्रियाकलापहरु यस प्रकार रहेका छन् ।

१. राष्ट्रिय आर्थिक गणना-२०७५ को पाइलट सर्वेक्षण गणनाको नतिजा गोष्ठी :

यस आ व २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिकमा राष्ट्रिय आर्थिक गणना - २०७५ सञ्चालनका लागि राष्ट्रिय आर्थिक गणना पाइलट सर्वेक्षणको नतिजा तथा समीक्षा गोष्ठी मिति २०७४ भदौ १४ गतेदेखि १६ गते सम्म ३ (तीन) दिनको कार्यक्रम काभ्रेपलाञ्चोक जिल्ला शैक्षिक तालिम केन्द्र धुलिखेलमा सफलतापूर्वक सम्पन्न गरीयो । यसै सिलसिलामा गत आ.व. २०७३/७४ मा यसको पाइलट सर्वेक्षण गणना सम्पन्न भईसकेको र चालु आ.व. मा पाइलट सर्वेक्षणको नतिजा तथा समीक्षा गोष्ठी प्रथम चौमासिकमा राखिए अनुसार सर्वेक्षणमा संलग्न भएका यस विभाग मातहतका ३३ वटै तथ्याङ्क कार्यालय प्रमुखहरुलाई यसको नतिजा बारे जानकारी गराउने र निजहरुलाई उक्त सर्वेक्षण सञ्चालनका क्रममा देखिएका र भोगिएका स्थलगत समस्याहरु आदिबारे तथ्याङ्क कार्यालयबाट प्रस्तुत गर्नुपर्ने २४ (चौविस) बुँदाहरु संलग्न सहित उपलब्ध गराईएको थियो । उक्त प्रस्तुतीकरणमा ३३ वटै तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरुबाट सर्वेक्षण सञ्चालनका काममा देखिएका, भोगिएका स्थलगत समस्याहरु, प्रश्नावली तथा निर्देशिकामा रहेका अस्पष्टताहरु, उत्तरदाताहरुबाट प्रश्नावली भर्दा परेका समस्याहरु, अनलाईन सर्वेक्षणका समस्याहरु लगायत अरु के कस्ता समस्याहरु थिए र त्यसको समाधानका उपायहरु के हुन सक्छन् यस विषयमा विस्तृत छलफल गर्ने र सो गोष्ठीमा भएको छलफलको आधारमा प्रश्नावली तथा निर्देशिकालाई अन्तिम रुप दिन, आर्थिक गणनाको लागि के कति जनशक्ति आवश्यक पर्दछ सो समेत अनुमान गर्न र अनलाईन एप्लीकेशनलाई अन्तिम रुप दिन सजिलो हुने भएको हुँदा यस गोष्ठी कार्यक्रमको आयोजना गरिएको थियो । यसका साथै यस नतिजा तथा समीक्षा गोष्ठीमा आगामी राष्ट्रिय आर्थिक गणनाका लागि न्क्ष् :बउउष्लन को महत्व, उद्देश्य, यसको प्रयोगबारे पनि विस्तृत जानकारी गराईएको थियो । यस नतिजा तथा समीक्षा गोष्ठी जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को प्रतिनिधिहरु Chief Advisor, JICA Consultant, JICA Expert, Project Program Manager आदिको प्रत्यक्ष संलग्नता रही कार्यक्रम सफलतापूर्वक सञ्चालन गरिएको थियो ।

२. राष्ट्रिय आर्थिक गणना-२०७५ सम्बन्धि मुख्य सरोकार व्यावसायिक निकायसाग अन्तरक्रिया गोष्ठी :

वि.सं. २०७५ मा सञ्चालन हुने राष्ट्रिय आर्थिक गणनाको सिलसिलामा राष्ट्रिय आर्थिक गणना-२०७५ सम्बन्धि मुख्य सरोकार व्यावसायिक निकायसँगको अन्तरक्रिया गोष्ठी तथा छलफल गर्ने कार्यक्रम रहेकोले सो अनुसार मिति २०७४ साल मंसीर १२ गते तथा २०७४ साल मंसीर १४ गते सरोकारवाला निकायहरुसँग अन्तरक्रिया गोष्ठीको आयोजना गरिएको थियो ।

अन्तरक्रिया गोष्ठी कार्यक्रमको मिति २०७४ मंसीर १२ गतेका दिन नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय पदाधिकारी तथा कार्यकारी सदस्यहरुसँग तथा अन्य मुख्य सरोकार निकायहरु बीच आर्थिक गणना सम्बन्धी सकारात्मक सन्देश प्रवाहका लागि छलफल तथा अन्तरक्रिया गोष्ठी यसै नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) का महासचिव श्री सुरेशमान श्रेष्ठको अध्यक्षतामा कार्यक्रम सञ्चालन गरिएको थियो। यस अन्तरक्रिया गोष्ठी यस विभागका महानिर्देशक श्री सुमनराज अर्यालबाट राष्ट्रिय आर्थिक गणना-२०७५ को लागि अवधारणा, उद्देश्य, आवश्यकता तथा महत्वको विषयमा प्रकाश पार्दै यस गणनाको सञ्चालनमा प्रयोग गरिने प्रश्नावलीको विषयमा प्रत्येक बुँदा विस्तृत रुपमा प्रस्तुतीकरण गरी छलफल गरिएको थियो ।

यसै अन्तरक्रिया गोष्ठी मिति २०७४ मंसीर १४ गतेका दिन त्रिभुवन विश्वविद्यालयमा नेपालमा विभिन्न विश्वविद्यालय तथा क्याम्पसका प्राध्यापकहरुसँग आसन्न आर्थिक गणनाको तयारी तथा प्रश्नावलीको अन्तरवस्तुको बारेमा ब्यापक छलफल गरियो । त्रिभुवन विश्वविद्यालय तथ्याङ्कशास्त्र शिक्षण विभागका प्रमुख प्रा. डा. शंकर प्रसाद खनालबाट प्रारम्भ गर्नुभएको यस कार्यक्रममा यस विभागका महानिर्देशक श्री सुमनराज अर्यालले राष्ट्रिय आर्थिक गणनाको पृष्ठभूमी, परिचय, गणनाको उद्देश्य, गणनाले समेट्ने क्षेत्र, कानूनी आधार, गणनाको विषयवस्तु, गणना विधि लगायतका विषय प्रस्तुतीकरण गर्नुभएको थियो । विभिन्न विश्वविद्यालय तथा आंगिक क्याम्पसबाट सहभागिता भएको यस कार्यक्रममा आर्थिक गणनाको सञ्चालनको प्रश्नावली माथि दफावार भई गहन रुपमा छलफल गरिएको थियो ।

३. आर्थिक गणना अनलाइन सर्वेक्षण/ट्यावलेट एप्लीकेशन तयारी गोष्ठी :

यस आ.व. २०७४/७५ को वार्षिक कार्यक्रम अनुसार प्रथम चौमासिकमा आर्थिक गणना अनलाइन सर्वेक्षण तथा ट्यावलेट एप्लीकेशन तयारी गोष्ठी मिती २०७४ भदौ २० र २१ गते नुवाकोट जिल्लाको ककनी स्थित माउण्ट भ्यू होटेलमा आवासिय रुपमा गोष्ठी कार्यक्रम सञ्चालन गरियो । आर्थिक गणना शाखासँग सम्वन्धित निर्देशकहरु, तथ्याङ्क अधिकृतहरु, कम्प्यूटर अधिकृतको सहभागितामा सञ्चालन गरीएको यस गोष्ठीमा कागजी प्रश्नावलीमा भएका समस्याहरु, कम्प्यूटर अनलाइनसँग सम्वन्धित इसेन्सस् तथा ट्यावलेट एप्लीकेशन सम्वन्धि प्रश्नावलीका प्रत्येक महलहरुवारे वुँदागत रुपमा छलफल गरी अन्तिम स्वरुप तयारी गरीएको थियो । यसका साथै Server Management expert of data, CAPI Data Syncronization System Development आदी विषयमा पनि छलफल गरी अन्तिम रुप दिइएको थियो । यसै एप्लीकेशन तयारी अन्तर्गत data Structure, Form Design, Data Transfer used in Tablet application for National Economic Census-2018, सम्वन्धि छलफल गर्नुका साथै e-census को प्रयोगमा Log in and Sign up process in e-census application used for (National Economic Census -2018) NEC-2018 विषयमा वुँदागत छलफल गरीयो ।

४. आर्थिक गणना निर्देशक समितिको वैठक :

नेपालको प्रथम राष्ट्रीय आर्थिक गणना-२०७५ सञ्चालनका लागि मार्ग निर्देशक, समन्वय तथा नीतिगत समस्याको समाधानका लागि आवश्यक निर्देशन प्रदान गरी गणना कार्यलाई सफलताका साथ सञ्चालन गर्ने अभिप्रायले मिति २०७३/११/०२ को नेपाल सरकारको सम्माननीय प्रधानमन्त्रीज्यूको तहबाट निर्णय भए अनुसार राष्ट्रिय योजना आयोगको सचिवालयका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा विभिन्न सरोकारवाला सरकारी निकायहरुका महानुभावहरु सदस्य रहने गरी उच्चस्तरीय आर्थिक गणना निर्देशक समितिको प्रथम बैठक मिति २०७४ भदौ १ गतेका दिन राष्ट्रिय योजना आयोगको सचिवालयका माननीय उपाध्यक्षज्यूको कार्यकक्षमा सञ्चालन गरियो । राष्ट्रिय योजना आयोगको सचिवालयका माननीय उपाध्यक्ष श्री स्वर्णिम वाग्लेज्यूको अध्यक्षता सम्पन्न उक्त प्रथम बैठकमा यस गणनासँग सम्बन्धित सरोकारवाला सरकारी निकायका उच्चस्तरीय पदस्थ कर्मचारीहरुको उपस्थितिमा सञ्चालन गरिएको थियो। यस विभागका महानिर्देशक श्री सुमनराज अर्यालको संयोजकत्वमा आह्वान गरिएको यस निर्देशक समितिको बैठकको छलफलका विषयहरुमा राष्ट्रिय आर्थिक गणना विषयक संक्षिप्त जानकारी, प्रश्नावली, निर्देशिका तथा

तथ्याङ्क संकलनका विधि प्राविधिक विषयवस्तु बारे जानकारी तथा आर्थिक गणना सञ्चालनसँग सम्बन्धित प्रशासनिक तथा आर्थिक कार्यविधिबारे विस्तृत रुपमा प्रस्तुतीकरण गरिएको थियो । यसका साथै आर्थिक गणनाका लागि समन्वय तथा सहयोगको प्रारुप पनि तयार गरिएको थियो ।

५. आर्थिक गणना प्राविधिक समितिको बैठक :

राष्ट्रिय आर्थिक गणना-२०७५ सञ्चालनका लागि केन्द्रीय तथ्याङ्क विभागले जापन अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को प्राविधिक सहयोगमा विभिन्न प्रकारका कार्यक्रमहरु अघि बढाईएको छ । यस अनुसार यस विभागको महानिर्देशकको अध्यक्षतामा रहने गरी विभिन्न सरोकारवाला निकायहरुको सदस्यताको संलग्नता रहने गरी केन्द्रीय स्तरमा आर्थिक गणना प्राविधिक समितिको गठन तथा बैठक सञ्चालन गर्ने विभागीय निर्णय गरिएको छ । राष्ट्रीय आर्थिक गणनाको पूर्व तयारीको विषयमा छलफल गरी यस सम्वन्धि आवश्यक सुझाव दिने, तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषणका सिलसिलामा शव्द, विधिको विभिन्न निकायहरु विच पाइने परस्पर विरोधि परिभाषा र पद्दति विच एक रुपता कायम गर्ने विषयमा छलफल गरी सुझाव दिन तथा आर्थिक गणनामा प्रयोग हुने प्रश्नावलीको ढाँचा, निर्देशिका तयारी र यसमा समावेश गरीने, विषयवस्तुमा छलफल गरी सुझाव दिने समितिको उद्देश्य रहेको छ । यसै अनुसार यस प्राविधिक समितिको पहिलो वैठक गत आ.व. २०७३/७४ को मिति २०७३ पौष ३ गतेका दिन केन्द्रीय तथ्याङ्क विभागको तालिम हलमा यससँग सम्वन्धित सरोकारवाला सरकारी निकायका उच्च पदस्थ कर्मचारीहरु, यस विभागका कर्मचारीहरु तथा आमन्त्रित सरोकारवाला कर्मचारीहरुको उपस्थितीमा सञ्चालन गरीएको थियो । यस वैठकमा समितिका पदाधिकारीहरुलाई आर्थिक गणना सञ्चालन प्रगतिवारे जानकारी, मस्यौदा प्रश्नावली तयारी विषयमा तथा आर्थिक गणनाको संकलित तथ्याङ्कमा प्रयोग गरीने कोडिङका लागि नेपालस्तरीय औद्यौगिक वर्गिकरण कूल २१ मध्ये ४ वटा क्षेत्र वाहेक १७ वटा क्षेत्रलाई समावेश गर्ने निर्णय गरीएको थियो । यसै समितिको दोश्रो वैठक चालु आ.व. २०७४/७५ को प्रथम चौमासिकमा मिति २०७४ कार्तिक १५ गतेका दिन यस केन्द्रीय तथ्याङ्क विभागको तालिम हलमा महानिर्देशक श्री सुमनराज अर्यालको अध्यक्षतामा सञ्चालन गरीयो । यस वैठकका महत्वपूर्ण निर्णयहरुमा आर्थिक गणनाको हालसम्म गरीएका प्रगतिवारे जानकारी तथा गणनामा प्रयोग हुने प्रश्नावलीको अन्तिम मस्यौदावारे छलफल गरी व्यावसायिक प्रतिष्ठान तथा मुख्य सांगठनिक निकायहरुसंग राय सुझाव संकलन गरी सम्भव भएसम्म प्रश्नावलीको अन्तिम स्वरुप दिने निर्णय गरीएको थियो ।

६. आर्थिक गणना संयुक्त समन्वय समितिको (JCC) वैठकः

राष्ट्रीय आर्थिक गणना-२०७५ सञ्चालन गर्ने सन्दर्भमा मिति २०७२/१०/७ को अर्थ मन्त्रालयको सहमतिमा मिति २०७२/१०/२९ को राष्ट्रिय योजना आयोगको सचिवालय सचिवस्तरीय निर्णय भई नेपाल सरकारको तर्फवाट केन्द्रीय तथ्याङ्क विभाग र JICA बीच सन् २०१६ को फेव्रुअरी १७ मा Record या Discussion मा हस्ताक्षर भएको र सोही Document को Composition and Function of JCC अन्तर्गत यससंग सम्वन्धित उच्चस्तरीय पदाधिकारी तथा सदस्यहरुको सहभागितामा संयुक्त समन्वय समिति (Joint Coordination Committee) को गठन गर्ने प्रावधान भएवमोजिम उक्त समितिको गठन मिति २०७३/०७/१२ का दिन स्वीकृत गरी यसलाइ मूर्त रुप दिन मिति २०७३ मंसिर ७ गते यस समितिको प्रथम वैठक सम्पन्न गरीयो । यस विभागका महानिर्देशकज्यूको अध्यक्षतामा यस वैठकमा उप-महानिर्देशकज्यूहरु, विभिन्न मन्त्रालयका पदाधिकारीहरु, निर्देशकहरु, JICA Expert तथा प्रतिनीधिहरु एवं आमन्त्रित महानुभावहरुको उपस्थिती रहेको थियो । यसै विभागका महानिर्देशकज्यूको अध्यक्षतामा माथी उल्लेखित पदाधिकारीहरुको उपस्थितीमा मिती २०७३ फागुन १२ गतेका दिन के.त.वि.तालिम हल कक्षमा सम्पन्न गरिएको थियो । यस समितीको तेस्रो वैठक चालु आ. व. २०७४/७५ को प्रथम चौमासिकमा मिती २०७४ पौष २५ गतेका दिन यसै विभागको तालिमहलमा महानिर्देशकज्यूको अध्यक्षतामा सञ्चालन गरीयो। यस JCC को तेश्रो वैठकमा विभिन्न मन्त्रालयका पदाधिकारीहरु, JICA Nepal, JICA Expert तथा प्रतिनिधिहरु Embassy of JAPAN का प्रतिनिधिहरु यस विभागका उप-महानिर्देशकहरु, निर्देशकहरु तथा आमन्त्रित महानुभावहरुको उपस्थिति रहेको थियो । यस JCC बैठकमा पाइलट सर्वेक्षण गणनाका नतिजा एवं समीक्षा बारे जानकारी, आगामी राष्ट्रीय आर्थिक गणनाका समय तालिका बारे विभिन्न स्लाइडमार्फत प्रस्तुत गरिएको थियो ।

७. आर्थिक गणना केन्द्रीय प्रचार प्रसार समितिको बैठक :

राष्ट्रीय आर्थिक गणना - २०७५ सञ्चालनको लागि आर्थिक शाखाको चालु आ.व. २०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७४/०२/१७ गतेको विभागीय निर्णयानुसार आर्थिक गणना केन्द्रीय प्रचार प्रसार समितिको गठन गरिएको छ । यस विभागका आर्थिक महाशाखाका उपमहानिर्देशक श्री नेविन लाल श्रेष्ठज्यूको अध्यक्षतामा गठीत यस समितिका अन्य सदस्यहरुमा प्रचार प्रसारसँग सम्वद्ध निकायका प्रतिनिधिहरु तथा आमन्त्रित सदस्यहरुको सहभागितामा मिति २०७४ भदौ २९ गतेका दिन, के.त.वि. को तालिम हलमा सञ्चालन गरिएको थियो । सौहार्दपूर्ण वातावरणमा सञ्चालन गरिएको यस बैठकमा भएका निर्णयहरुमा राष्ट्रीय आर्थिक गणनाको हालसम्म सम्पन्न भएको कामको बारेमा बैठकका सदस्यहरुलाई जानकारी गराईयो । यस बैठकमा यस बृहत राष्ट्रीय कार्यक्रमलाई सफल पार्न सम्बद्ध सबै पक्षको सहयोगबाट व्यापक प्रचारका कार्यक्रमहरु सञ्चालन गर्ने तथा प्रभावकारी रुपमा प्रचार प्रसार गर्न उपयुक्त रणनीति तयार गर्ने / यसका साथै प्रचार प्रसारमा आम सञ्चार माध्यम (Mass Media) को प्रयोग, नेपाली परिपेक्ष्यमा प्रभावकारी र किफायती सञ्चार माध्यम प्रयोग गरी केन्द्रीय स्तरमा एउटा गोष्ठीको आयोजना गर्ने निर्णय गरिएको थियो ।

८. केन्द्रमा आर्थिक गणना तयारी छलफल :

चालु आ.व. २०७४/७५ मा यसै आर्थिक गणना सञ्चालनको तयारीकै सिलसिलामा आर्थिक गणना शाखाको आयोजनामा विभिन्न मिति तथा समयमा छलफल एवं गोष्ठी कार्यक्रम सञ्चालन गरिएको थियो । यसै अनुसार यस विभागको तालिम हल कक्षमा यस विभागका महानिर्देशक, उपमहानिर्देशकहरु, निर्देशकहरु, तथ्याङ्क अधिकृतहरु तथा यस सँग सम्बद्ध कर्मचारीहरुको सहभागितामा मिति २०७४ जेठ २९ गते सूचित आदेश निर्माण गोष्ठी सञ्चालन गरिएको थियो । यसै कार्यक्रम बमोजिम मिति २०७४ जेठ ३० गतेका दिन आर्थिक गणनाको सामाग्री तथा जनशक्ति अनुमान र योजना तर्जुमा सम्बन्धी गोष्ठीको आयोजना गरी सफलतापूर्वक सञ्चालन गरिएको थियो। यसै अनुसार आ.व. २०७३/७४ मा मिति २०७४ असार २७ गतेका दिन राष्ट्रिय आर्थिक गणना-२०७५ कार्य सञ्चालन निर्देशिका तयारी विषयको गोष्ठी सञ्चालन गरिएको थियो। यसका साथै यसै विभागको तालिम हलमा आर्थिक गणनामा अनौपचारिक आर्थिक क्रियाकलापको तथ्याङ्कीय सर्वेक्षणको विधि विकास सम्बन्धी गोष्ठीको कार्यक्रम आयोजना गरियो। यस प्रकार केन्द्रीय स्तरमा विभिन्न विषयमाथिको गोष्ठी एवं शाखा भित्र नै छलफलको आयोजना गरी आर्थिक गणना सञ्चालनको तयारीका लागि कार्यक्रमहरु सञ्चालन गरिएको थियो ।

९. आर्थिक गणना प्रश्नावली तथा निर्देशिकाको अन्तिम रुप दिन अन्तरक्रिया छलफल कार्यक्रम :

चालु आ.व.२०७४/७५ को प्रथम चौमासिक राष्ट्रिय आर्थिक गणना-२०७५ का लागि प्रश्नावली तथा समयमा अन्तरक्रिया गोष्ठी कार्यक्रमको आयोजना गरिएको थियो। यस विभागको तालिम हल कक्षमा सञ्चालन गरिएको मिति २०७४ असोज ३० गते, २०७४ कार्तिक ७ र ८ गते गरी ३ दिनको अन्तरक्रिया छलफल कार्यक्रममा यस विभागका महानिर्देशक, उप-महानिर्देशकहरु, निर्देशकहरु, तथ्याङ्क अधिकृतहरु, प्रशासकीय अधिकृतहरु तथा JICA Expert एवं प्रतिनिधिहरुको समेत सक्रिय रुपमा सहभागिता भई प्रश्नावली तथा निर्देशिकाको बुँदागत एवं प्रत्येक महलहरुमा छलफल गरी अन्तिम रुप दिइएको थियो ।

१०. राष्ट्रिय आर्थिक गणना-२०७५ को लागि आवश्यक प्रश्नावली तथा निर्देशिका लगायत अन्य छपाइ कार्य :

राष्ट्रिय आर्थिक गणना-२०७५ को लागि आवश्यक निम्नानुसारका सामाग्रीहरु जापान सरकारको अनुदान सहयोगमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) बाट छपाई कार्य गरिने निर्णय गरिएको छ ।

- सूचीकरण फाराम छपाई
- प्रश्नावली फाराम छपाई
- विभिन्न निर्देशिका छपाई
- अन्य गणनासँग सम्बन्धित फारामहरुको (सुपरिवेक्षण फाराम, कन्ट्रोल फारामहरु) छपाई
- गणना क्षेत्र नक्साङ्कन निर्देशिका छपाई

११. नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माण अध्यावधिक कार्यको केन्द्रबाट अनुगमन तथा सुपरिवेक्षण कार्य :

यस आर्थिक गणना शाखाबाट हालसम्म १४ वटा जिल्लाहरुमा सञ्चालन गरिएको नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माण कार्यमा चालु आ.व. २०७४/७५ को प्रथम चौमासिकमा विभिन्न जिल्लाहरुमा गई नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माणको अध्यावधिक कार्यको केन्द्रबाट अनुगमन तथा सुपरिवेक्षण कार्य गरिएको थियो ।

केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत आर्थिक गणना शाखाको चालु आ.व. २०७४/७५ को वार्षिक कार्यक्रम बमोजिम हालसम्म सम्पादन गरिएका विभिन्न क्रियाकलापहरुमा सफलताका साथ सम्पन्न गर्न यस विभागका विभिन्न शाखाका कर्मचारीहरु तथा यससँग सरोकार राख्ने नेपाल सरकारका निकायहरुबाट सहयोग तथा सद्भाव राखिदिनुभएकोमा आभार प्रकट गर्दछु। यसका साथै आगामी “राष्ट्रिय आर्थिक गणना-२०७५” लाई सफलताका साथ सम्पन्न गर्न सबै सरोकारवाला सरकारी निकायहरु, पत्रकार, उद्योगी, व्यवसायीहरु, शैक्षिक प्रतिष्ठानहरु, स्वास्थ्य व्यवसायीहरु, अन्य सेवा प्रदायक संस्थाहरु र सम्पूर्ण नागरिकहरुको सहयोग एवं सद्भाव रहने केन्द्रीय तथ्याङ्क विभाग अपेक्षा तथा विश्वास लिएको छ ।

केन्द्रीय तथ्यांक विभागले आ.व. २०७३/७४ चौथो चौमासिकमा र आ.ब २०७४/७५ को पहिलो चौमासिकमा सम्पन्न भएका मुख्य कार्यक्रमहरु :

१. मूल्य तथ्याङ्क शाखा :

केन्द्रीय तथ्याङ्क विभागको आर्थिक तथ्याङ्क महाशाखा अन्तर्गत मूल्य तथ्यांक शाखाले समग्र आर्थिक सूचकाङ्कहरु मध्ये मूल्य सूचकाङ्क र उत्पादन सूचकाङ्कहरु तयार गर्दै आएको छ । आ.ब. २०७३/७४ मा यस शाखाबाट संञ्चालन भएका नियमित कार्यक्रमहरु तपसील बमोजिम छन् ।

१.१ त्रैमासिक औद्योगिक उत्पादकको मूल्य सूचकाङ्क (Producers Price Index-PPI) र उत्पादन सूचकाङ्क (Index of Industrial Production -IIP) को निर्माण :

यस आ.ब. मा त्रैमासिक औद्धोगिक उत्पादकको मूल्य सूचकाङ्क (Producers Price Index-PPI) र उत्पादनको सूचकाङ्क (Index of Industrial Production-IIP) निर्माणको लागि त्रैमासिक मूल्य तथा उत्पादनसम्वन्धी सर्वेक्षण सञ्चालन भएको थियो। हालसम्म पहिलो, दोस्रो र तेस्रो त्रैमासिक गरी तीनवटा त्रैमासिक सूचकाङ्कहरुको निर्माण गरी प्रकाशन भइसकेको छ भने चौथो त्रैमासिक सर्वेक्षणको फिल्ड कार्य सम्पन्न भै सूचकाङ्क निर्माणको क्रममा रहेको छ ।

विभिन्न आर्थिक क्षेत्रहरु मध्ये यस सूचकाङ्कले समेटेका क्षेत्रहरुमा खानी तथा उत्खनन, उद्योग, बिजुली तथा ग्यास र पानी पर्दछन । उद्योग क्षेत्रअन्तर्गत २१ वटा तथ्याङ्क कार्यालयहरुले ३४ जिल्लामा रहेका करिब ४०० वटा उद्योगहरुबाट प्रत्येक त्रैमासिकमा सङ्कलन गरेका उत्पादकको मूल्य र उत्पादनको आधारमा उत्पादन र उत्पादकको मूल्यको त्रैमासिक सूचकाङ्कहरु तयार गरिएको हो ।

१.२ त्रैमासिक निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (Input Price Index of Construction Sector - IPICS) को तयारी :

निर्माण क्षेत्रमा प्रयोग हुने वस्तु तथा सेवाहरुको खरिदकर्ताले तिर्ने मूल्यको आधारमा निर्माण क्षेत्रको लागत मूल्यमा आएको परिवर्तनलाई मापन गर्ने उद्धेश्यले यस शाखाले नियमितरुपमा त्रैमासिक निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (IPICS) तयार गर्दै आएको छ। जिल्लामा रहेका ३३ वटै तथ्याङ्क कार्यालयहरुले तथ्यांक कार्यालय रहेको जिल्लाको मूख्य बजारबाट त्रैमासिक रुपमा निर्माण क्षेत्रको वस्तु तथा सेवाहरुको लागत मूल्य संकलन गरी यस शाखालाई उपलव्ध गराउँछ। सो ही तथ्यांकको आधारमा यस शाखाले नियमितरुपमा त्रैमासिक लागत मूल्य सूचकाङ्क तयार गर्दै आइरहेको छ। हालसम्म आ.ब. ०७३/७४ को तेस्रो त्रैमासिकसम्मको सूचकाङ्क प्रकाशित गरी प्रयोगकर्ताहरुको लागि उपलव्ध गराइसकेको र चौथो त्रैमासिकको सूचकांक तयारीको क्रममा रहेको छ ।

१.३ त्रैमासिक कृषिजन्य वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क तयारी (Agriculture Producer's Price Index- APPI):

कृषि क्षेत्रबाट उत्पादन हुने विभिन्न किसिमका बाली, तरकारी बाली, मसला बाली आदि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क निर्माणको लागि आवश्यक तथ्याङ्क यस शाखाको संयोजकत्वमा जिल्लामा रहेका ३३ वटै तथ्याङ्क कार्यालयहरुले त्रैमासिक रुपमा सङ्कलन गरी पठाउछन् । प्राप्त मल्यको आधारमा सूचकाङ्क निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

१.४ आई.सी.पी.–२०१७ (ICP: International Comparison Program 2017) :

आर्थिक वर्ष २०७३/७४ देखि यस शाखाले आफ्नो नियमित सर्वेक्षणहरु बाहेक आई.सी.पी. २०१७ सम्वन्धी मूल्य सर्वेक्षण पनि सञ्चालन गर्दै आएकोछ । यस कार्यक्रम सम्वन्धी केहि जानकारी,

आई.सी.पी. (ICP) संयुक्त राष्ट संघीय तथ्यांक परिषदबाट अनुमोदन गरिएको मूल्यसंग सम्वन्धित एक बृहत तथ्यांकीय क्रियाकलाप हो । यस कार्यक्रमबाट विश्वका अधिकांश राष्ट्रहरुको आर्थिक अवस्थाको वस्तविक रुपमा तुलना गर्न योग्य आर्थिक सूचक पि.पि.पि. (PPP; Purchasing Power Parity) तयार गरिन्छ । मुख्यरुपमा सरकार, विश्व बैंक, अन्तराष्टिय मुद्रा कोष, युरोपेली संघ, एसियाली विकास बैंक जस्ता संस्थाहरु र आर्थिक विश्लेषकहरुलाई विश्वका सबैजसो मुलुकहरुको अन्तर्राष्ट्रिय स्तरमा तुलना गर्न मिल्ने कुल ग्राह्यस्थ उत्पादन (GDP) को खर्चका अनुमानहरु उपलव्ध गराउन यस कार्यक्रमको परिकल्पना गरिएको हो । यस कार्यक्रमले राष्ट्रियस्तरको पि.पि.पि. (PPP) को अनुमान गर्न, वास्तविकरुपमा समायोजित समष्टिगत आर्थिक तथ्यांकको अनुमान गर्न र अन्तर्राष्ट्रिय स्तरमा गरिवीको रेखा तयार गर्न समेत सहयोग गर्दछ ।

विश्वका विभिन्न देशहरुमा सन १९७० बाट शुरु भएको यस कार्यक्रममा हाल विश्वका करिव २०० राष्ट्रहरुको सहभागिता रहने अनुमान गरिएको छ । करिव पाँच वर्षको अन्तरालमा संचालन हुने यस कार्यक्रममा नेपाल सन् २००५ बाट सक्रियरुपमा सहभागी हुदै आएको छ । सोही अनुरुप आई.सी.पी. २०१७ मा पनि सहभागिता जनाइसकेको सहर्ष जानकारी गराउदछौं । विश्वभरको लागि यस कार्यक्रमको संयोजन विश्व बैंकले गर्दछ भने एसिया तथा प्यासिफिक क्षेत्रमा एशियाली विकास बैंकले संयोजनकारी भूमिका निर्वाह गर्दछ र नेपालको लागि यस कार्यको कार्यान्वयन गर्ने केन्द्रीय निकायको रुपमा केन्द्रीय तथ्यांक विभाग रहेको छ ।

यस कार्यक्रममा एसिया तथा प्यासिफिक क्षेत्रमा उपलब्ध वस्तु तथा सेवाहरुको सूची भित्र पर्ने गरी नेपालको उपभोक्ताको मूल्य सूचकांकको लागि तयार गरिएको वस्तु तथा सेवाहरुको डालो र नेपालमा अधिकांश घरपरिवारले उपभोग गर्ने वस्तु तथा सेवाहरुको पहिचानको आधारमा करिव ६३० वटा वस्तु तथा सेवाहरुको मूल्य संकलन गरिने अनुमान गरिएको छ । मूल्य संकलन गर्नको लागि नेपाल राष्ट बैंकले तयार गर्ने उपभोक्ताको मूल्य सूचकांक (CPI) को लागि छनौट गरिएका बजार केन्द्रहरु मध्येबाट नेपालको प्रतिनिधित्व हुने गरी भौगोलिक अवस्था, बस्तुहरुको उपलब्धता, तथ्यांक कार्यालयहरुको कार्यबोझ तथा विगतको अभ्यासको आधारमा मूल्य संकलन गर्नका लागि नेपालभर ३० वटा बजार केन्द्रहरु छनौट गरिएको छ ।

छनौटमा परेका बजार केन्द्रहरुको प्रतिनिधित्व हुने गरी औसत मूल्य संकलन गर्न संभव भएसम्म प्रत्येक वस्तु वा सेवाहरुको लागि तीन वटा व्यापारिक प्रतिष्ठान वा पसलहरु छनौट गरिन्छ । व्यापारिक प्रतिष्ठान वा पसलहरु छनौट गर्दा वस्तु वा सेवाहरुको कारोवार तथा उपलब्धता, स्थायित्व, प्रतिष्ठानको प्रकार, स्थान, सहयोगी वातावरण आदिलाई आधार बनाइको छ । वस्तु तथा सेवाको उपयोग, मौसमी उपलव्धता, मूल्यको प्रवृति आदिका आधारमा मासिक, त्रैमासिक र अर्धवार्षिक रुपमा मूल्य संकलन गरिन्छ ।

यस कार्यक्रम अन्तरगत मासिक रुपममा करिव २०० खाद्य वस्तुहरु, त्रैमासिकरुपमा करिव ४०० गैरखाद्य वस्तु वा सेवाहरु र अर्धवार्षिकरुपमा करिव ३० वस्तु तथा सेवाहरुको मूल्य संकलन गरिन्छ। सवै वजार केन्द्रहरुमा छनौट भएका व्यवसायिक प्रतिष्ठान वा पसलहरुबाट तथ्यांक संकलन गर्ने कार्य सम्वन्धित तथ्यांक कार्यालयले गर्दछ । यस कार्यक्रम अन्तरगत वजार मूल्य संकलन सर्वेक्षणहरु नियमित रुपमा भैरहेको छ। हालसम्म दुई वटा मासिक, एक वटा त्रैमासिक र एक वटा अर्धवार्षिक सर्वेक्षणहरु सम्पन्न भएको छ ।

२. जनसंख्या शाखा :

२.१ स्थानिय तहका तथ्याङ्क प्रयोगकर्ताहरुको लागि राष्ट्रिय जनगणना २०६८ को नतिजामा आधारित Census info र सोहि गणनाबाट प्राप्त तथ्याङ्कको आधारमा तयार पारिएको Public Use Microdata sample file (PUMS) सम्बन्धी विभिन्न सरकारी कार्यालय, गैर सरकारी कार्यालय तथा शैक्षिक सस्थाहरु (जस्तैः विश्वविद्यालयहरु, उच्चमाध्यमिक विद्यालयहरु आदि) मा कार्यरत प्रयोगकर्ताृका लागि तालिम सञ्चालन गर्ने सिलसिलामा विराटनगरमा पाँच दिनको कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त तालिम कार्यक्रममा विभिन्न सरकारी कार्यालय, क्याम्पस, रिशर्च सेन्टर र गैह्र सरकारी संस्थाहरुका तथ्याङ्क प्रयोगकर्ताहरुको उत्साहजनक सहभागिता भएको थियो ।

२.२ शहरी जनसंख्या सर्वेक्षण २०७२ को statistical report तयार गर्ने सिलसिलामा काभ्रे जिल्लाको धुलिखेलमा केन्द्रीय तथ्याङ्क विभागका विभिन्न शाखामा कार्यरत निर्देशक तथा अधिकृतहरु र तथ्यांक कार्यालयका अधिकृतहरु सम्मिलित चार दिनको कार्यशाला सञ्चालन गरिएको थियो ।

२.३ आगामि २०७८ सालमा सन्चालनहुने राष्ट्रिय जनगणनाको सुधार तथा प्रविधि विकासका लागि बङ्गलादेशको Bangaladesh Bureau of Statistics (BBS) को निमन्त्रणामा असार महिनामा जनगणना शाखामा कार्यरत ५ जना कर्मचारी हरुबाट अध्ययन भ्रमण सम्पन्न भएको थियो । उक्त अध्ययन भ्रमणबाट बंगलादेशले हालसम्म अवलम्बन गर्दै आएको जनगणनाको विभिन्न मोडेलका र त्यसबाट प्राप्त अनुभव तथा हाम्रो देशको अनुभवका बिषयमा छलफल भएकोले उक्त भ्रमण निकै फलदायी भएको थियो ।

३. व्यापार तथ्याङ्क शाखा

व्यापार तथ्यांक शाखाको आ.व. २०७३।०७४ को अन्तिम चौमासिकमा सहकारी संस्थाको सूची तयार गर्ने, आयात निर्यात मूल्य सूचकांक निर्माण सम्बन्धी गोष्ठि र आ.व. २०७२।०७३ मा संचालन गरिएको सवारी साधन मर्मत गर्ने प्रतिष्ठान सर्वेक्षणको प्रतिवेदन तयारी तथा नतिजा विश्लेषण गोष्ठी गर्ने लक्ष्य रहेकोमा सो अनुरुप यस शाखाले आ.व. २०७३।०७४ को अन्तिम चौमासिकमा निम्न अनुसारका कार्यहरु सम्पन्न गरेको छ ।

आयात निर्यात मूल्य सूचकांक निर्माण सम्बन्धी गोष्ठी यस विभागका महानिर्देशक, उपमहानिर्देशकहरु, निर्देशकहरु, व्यापार शाखाका सम्पूर्ण कर्मचारीहरु, भन्सार विभागका प्रतिनिधि, राष्ट्र बैंकका प्रतिनिधि, व्यापार निकासी तथा प्रवर्द्धन केन्द्रका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न गरियो । जसमा यस व्यापार तथ्यांक शाखाका निर्देशक, भन्सार विभागका प्रतिनिधि र राष्ट्र बैंकका प्रतिनिधिज्यूहरुबाट एक-एकवटा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

सवारी साधन मर्मत गर्ने प्रतिष्ठान सर्वेक्षणको प्रतिवेदन तयारी तथा नतिजा विश्लेषण गोष्ठी यस विभागका सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा सम्पन्न गरियो । यस नतिजा सार्वजनिकीकरणका केही संक्षिप्त झलकहरु तल प्रस्तुत गरिएको छ ।

- नेपालभरी कुनै सरकारी निकायमा दर्ता भई संचालनमा रहेका जम्मा ४८३६ वटा सर्भिस सेन्टरहरुको सूची प्रप्त भएको थियो । जसमा २२८६ वटा मोटरगाडी मर्मत केन्द्र र २५५० वटा मोटरसाइकल मर्मत केन्द्र रहेको थियो ।
- त्यस्ता सर्भिस सेन्टरहरुमा जम्मा २१३६९ जना व्यक्तिहरु संलग्न रहेको पाइयो । जसमा एउटा मोटरगाडी मर्मत केन्द्रमा औसतमा ५ जना र मोटरसाइकल मर्मत केन्द्रमा औसतमा ४ जना व्यक्तिहरु संलग्न रहेको पाइयो । सम्पूर्ण संलग्न व्यक्तिहरु मध्ये ६१ प्रतिशत तलब वा ज्यालामा र ३९ प्रतिशत बेतलबी रुपमा काम गरेको पाइयो ।
- बार्षिक रुपमा एउटा सर्भिस सेन्टरको औसत संचालन खर्च रु. १३५९००० रहेको पाइयो । जसमध्ये एउटा मोटरगाडी मर्मत गर्ने सर्भिस सेन्टरको औसत संचालन खर्च रु. १६२१००० र एउटा मोटरसाइकल मर्मत गर्ने सर्भिस सेन्टरको औसत संचालन खर्च रु. ११२४००० रहेको पाइयो ।
- बार्षिक रुपमा एउटा सर्भिस सेन्टरको औसत आम्दानी रु. १८०८००० रहेको पाइयो । जसमध्ये एउटा मोटरगाडी मर्मत गर्ने सर्भिस सेन्टरको औसत आमदानी रु. २१८०००० र एउटा मोटरसाइकल मर्मत गर्ने सर्भिस सेन्टरको औसत आम्दानी रु. १४७४००० रहेको पाइयो ।
- ९१ प्रतिशत सर्भिस सेन्टरहरुले प्रतिष्ठानबाट निस्कने फोहरमैलाको उचित व्यवस्थापन गरेको पाइयो ।
- औसतमा सर्भिस सेन्टरहरु हप्तामा ६ दिन सेवा प्रदान गरेको पाइयो र त्यसमा काम गर्ने कामदारहरुले दिनमा औसत रुपमा ९ घण्टाको दरले काम गरेको पाइयो ।
- जिल्लामा रहेका डिभिजन सहकारी कार्यालय र तथ्यांक कार्यालयमा गई छलफल गरेर उनिहरुको सहयोगमा ९ वटा जिल्लाको सहकारी संस्थाको Listing तथा अनुगमन मूल्याङ्कन कार्य सम्पन्न गरियो ।
- यसैगरी ५ पटक सहकारी संस्थाको Listing सम्बन्धी अनुगमन, सुपरिवेक्षण तथा भेरिफिकेशन कार्य सम्पन्न गरियो ।

४. लैंगिक तथा सामाजिक तथ्यांक शाखा

यस केन्द्रीय तथ्यांक विभागको लैंगिक तथा सामाजिक तथ्यांक शाखाले मुख्यता तीन प्रकाशन कार्य गर्दै आएको छ - नेपाल इन्फोको तथ्यांक संकलन गरी सो को सि.डी. प्रकाशन, सामाजिक तथ्यांक संकलन गरी पुस्तिका प्रकाशन र लैंगिक तथ्यांक संकलन गरी प्रकाशन । आ.व. २०७३।७४ को अन्तिम चौमासिकमा दुई वटा मुख्य प्रकाशन कार्य यस शाखाले सम्पन्न गरेको छ । विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट विभिन्न किसिमका सामाजिक तथ्यांक संकलन गरी "सामाजिक तथ्यांक पुस्तिका २०७३" प्रकाशन कार्य सम्पन्न गरेको छ भने लैंगिक तथ्यांकको िभबाभित प्रकाशन कार्य अगाडि बढाएको छ । जानकारीको लागि नेपाल इन्फोको सि.डी. प्रकाशन कार्य प्रथम चौमासिकमा सम्पन्न भई सकेको छ ।

यस शाखबाट आ.व. २०७४।७५ मा पनि सम्पन्न गरिने कार्यहरु :

- नेपाल इन्फोको तथ्यांक संकलन गरी सि.डी. प्रकाशन गर्ने र उक्त सि.डी. लाई Website मा गउयिबम गरी users ले

online data प्रयोग गर्न सक्ने बनाइने छ ।

- सामाजिक तथा लैंगिक तथ्यांक संकलन गरी दुई प्रकाशन - “सामाजिक तथ्यांक पुस्तिका २०७४” र “लैंगिक तथ्यांक Leaflet २०७४” प्रकाशन गर्ने ।
- SDG का सामाजिक सूचकहरुको तथ्यांक संकलन गरी व्यवस्थापन गर्ने ।
- आ.व. २०७४।७५ मा दुई भिन्न गोष्ठी Web Enable नेपाल इन्फोको तालिम कार्यशाला गोष्ठी र सन् २०१८ मा हुन गइरहेको "Nepal Multiple Indictor Cluster Survey" को प्रश्नावली तयारीको सिलसिलामा सरोकारवाला निकायहरुसँग अन्तरक्रिया गोष्ठी गरिने ।

५. तालिम शाखा

केन्द्रीय तथ्याङ्क बिभाग र अन्तर्गतका सहायक स्तरका कर्मचारीहरुको साथै राष्ट्रिय आय व्ययको तथ्याङ्कसंग सम्बन्धित कर्मचारीहरुको राष्ट्रिय लेखा सम्बन्धि तथ्याङ्क सम्बद्ध कार्यक्षमता बिकास गर्न तथा Online Data Collection को माध्यमबाट जिल्लाबाट छिटो र आधुनिक सूचना प्रबिधिको उपयोग गरी तथ्याङ्क बिभागमा प्राप्त गर्न सकिने भएकोले राष्ट्रिय लेखा सम्बन्धि सैद्धान्तिक तथा Computer Assisted Personal Interviewing (CAPI) सम्बन्धि प्रयोगात्मक तालिम लगत प्रशोधन शाखा संग संयुक्त रुपमा मिति २०७४।०३।१८ देखि २०७४।०३।२३ सम्म तथ्याङ्क कार्यालय, कास्की, पोखराको तालिम हलमा संचालन गरिएको थियो । उक्त कार्यक्रममा केन्द्रीय तथ्याङ्क विभाग लगायत ३१ वटा तथ्याङ्क कार्यालयका गरी ३२ जनाको सहभागि रहेको थियो । उक्त कार्यक्रमबाट सहभागि कर्मचारीहरुले राष्ट्रिय लेखा तथा CAPI सम्बन्धि सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान हासिल गर्नुको साथै सो सम्बन्धि तथ्याङ्क संकलन Online मा गरी बिभागमा छिटो छरीतो संग पठाउन सक्षम हुन सक्नेछन् ।

तथ्याङ्क प्रयोगकर्ताहरूको लागि जानकारी

केन्द्रीय तथ्याङ्क विभाग नेपालको तथ्याङ्कीय प्रणालीमा केन्द्रीय निकायको रुपमा रहेको छ । यसले मुलुकको आर्थिक, सामाजिक र जनसांख्यिक गतिविधिबारे विभिन्न सर्वेक्षण तथा गणनाहरु मार्फत तथ्याङ्क संकलन गरी राष्ट्रिय नीतिनिर्धारण एवं विकास योजनाका लागि नेपाल सरकारलाई आवश्यक, स्तरीय एवं भरपर्दो तथ्याङ्क नियमित रुपमा उपलब्ध गराउदै आएको छ । विभागले तथ्याङ्क उत्पादनका साथै उत्पादित तथ्याङ्कहरु यसका प्रयोगकर्ताहरुलाई सहज रुपमा उपलब्ध गराउन विभिन्न माध्यमहरु अपनाएको छ जस्तैः मुद्रित स्वरुप (नेपालको तथ्याङ्कीय झलक, स्टाटिस्टिकल ईयर बुक, नेसनल एकाउण्ट अफ नेपाल, सर्वेक्षण तथा गणनाहरुको तथ्याङ्कीय प्रतिवेदन, कृषि, जनसांख्यिक तथा औद्योगिक मोनोग्राफहरु), विद्युतीय माध्यम (सि.डि-रोम, डाटा पोर्टल, वेभसाईट), प्रेस विज्ञप्ती, तथ्याङ्क उत्पादक र प्रयोगकर्ताहरु बीच छलफल कार्यक्रम आदि । विभागले आफ्ना सम्पूर्ण प्रकाशनहरु यसको वेभ साईट www.cbs.gov.np मार्फत निशुःल्क रुपमाहेर्न र डाउनलोड गर्न सक्ने व्यवस्था गरेको छ । साथै विभागबाट विभिन्न समयमा सम्पन्न गरिएका महत्वपूर्ण सर्वेक्षण र गणनाहरुको मेटाडाटा र डाटा सहित प्रश्नावली, निर्देशिका र रिर्पोटहरुको सुव्यवस्थित भण्डारण गरी एक विद्युतीय राष्ट्रिय तथ्याङ्क अभिलेख (National Data Archive, NADA) तयार गरिएको छ । उक्त NADA विभागको वेभसाईट www.cbs.gov.np/nada/ मा रहेको र प्रयोगकर्ताहरुको लागि उपलब्ध छ ।

थप जानकारीका लागि

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं
फोनः ४२४५९४६/४२४५९४७/४२४५९४८, **फ्याक्स नं.:** ९७७-१-४२७७२०
Website: www.cbs.gov.np